
ネパール語版

# KEN-EI JUTAKU
# बसोबास सम्बन्धि गाईडबूक



Aichi-ken Jutaku Kyokyu Kousha

**नेपाली भाषा**

# शुरुमा


दिदीबहिनी तथा दाजुभाई र मित्रजन् ,यहाँको घर बहालमा बस्दा खेरि जापानको जिन्दगि बिताउने शैली , जापानीज भाषा,सस्कृति ,र ब्यबहार फरक भएकोले कहिलेकहि गारो भै अरु मान्छे सँग समस्या हुन सक्छ । जापान सरकार र आइचिकेन(Aichi-ken)को कर ले गर्दा केन एई ज्युताकु *(**KEN-EI JUTAKU**) स्थापना भएको हो।

केन एई ज्युताकु*(**KEN-EI JUTAKU**) भनेको जापान सरकार र आईचि केनको सहयोगमा कर द्वारा बनाईएको सार्वजनिक आवास भएकोले अर्को शब्दमा भन्नुपर्दा आईचि केनको नागरिकहरुको साझा सम्पति पनि हो। त्यसकारण केन एई ज्युताकु*(**KEN-EI JUTAKU**) चाहिँ **अरु अपार्टमेन्ट भन्दा बेग्लै हुन्छ**। त्यसको साथै फरक-फरक नियम ,कानुन र दायित्त्व बोकेको हुन्छ।

केन एई ज्युताकु*(**KEN-EI JUTAKU**) मा बसोबास गर्नुहुने सम्पुर्ण महानुभावहरु, माथि उल्लेख गरे अनुसार ज्यूताकुको नियम र कानुन राम्रोसंग बुझ्नुहोस्। कृपया तपाई बस्नुहुने ज्यूताकु सहिसंग प्रयोग गर्नुहोस। साथै केन एई ज्युताकु *(**KEN-EI JUTAKU**) मा बस्ने हो भने जापानी साथीभाई बनाउनुहोला किनभने उहाहरुको सानो सहयोग पाएमा तपाईले नबुजेको कुरा सिकाएर तपाईको लागि सहयोग हुनेछ ।

आफ्नो देसको विचार गर्ने तरिका मात्र नभएर दुवैतर्फको विचार लाई अगाली त्यो कुरालाई आफ्नो जीवनमा लागु गर्नुहोस र त्यहाको नियम कानुन लाई उल्लगन नगरी अगाडि बढ्नुहोस ।

**KEN-EI JUTAKU = प्रिफेक्चुरल आवास**



# कोठाको तालिका

Page

नयाँ कोठामा सर्ने बेला......................................................................................3

भाडा (YACHIN) ..................................................................................................5

कोठा छोड्ने (TAIKYO) .......................................................................................6

पालना गर्नुपर्ने नियम ..........................................................................................7

धारा・ट्वाईलेटको बारेमा ...... ..............................................................................8

रमाइलो सँग बस्नको लागि ...................................................................................8

जिचिकाइ (कम्युनिटी) को बारेमा (JICHIKAI)..................................................11

विभिन्न फारम सम्बन्धिको सूचना.....................................................................12

सूचना केन्द्र......................................................................................................13



# नयाँ कोठामा सर्ने बेला

### 1 **न्यूउक्यौसितेइबि (नयाँ कोठामा बस्न आउने दिन )**

न्यूउक्यौसितेइबि भनेको नयाँ कोठामा बस्न आएपनि हुन्छ भनेर दिएको सूचना,र निर्णय गरेर कोठामा आउने दिनलाई「न्यूउक्यौसितेइबि」भनिन्छ।「न्यूउक्यौसितेइबि」1 महिना भित्रमा कोठा सर्ने काम गरिसक्नुपर्नेछ।

### 2 **सिकिकिन (डिपोजिट भएको रकम)**

कोठा छोड्ने बेलामा कोठाको भाडा तिर्न बाँकी भएको खण्डमा डिपोजिट गरेको रकम बाट भुक्तानी गरिनेछ, र बाकीँ भएको रकम चाहिँ बैंक कि मान्छेलाई फिर्ता गरिनेछ । (इन्टरनेट बैंक सर्विस भएको बैंक लाई चाहिँ पठाउन मिल्दैन )।

### 3 **साचौँ लिने र राक्ने तरिका**



बैठक बसेको बेला साचौँ लिएको रसिद「खागी ज्युर्यौस्यो」बुझाएर 3 वटा साचौँ लिने हो । यो साचौँ चाहिँ पहिला बस्ने व्यक्तिले चलाएको साचौँ होइन, नयाँ साचौँ हो । तपाईसँग मात्र हुनेछा ।साचौँ हराएको खण्डमा तपाईले साचौँको जरीवाना तिर्नुपर्ने छ ।त्यसैले साचौँ सुरक्षित सँग राख्नु होला। (यो साचौँ हराएको खण्डमा अर्को साचौँ छैन)


### 4 **कोठा के-कस्तो छ भनेर बुझ्नुपर्ने कुराहरु**

कोठामा केहि बिग्रेको छ भने 1 महिना भित्रमा अफिस (ज्यूताकुखानरीजिमुश्यो) कि अफिसको शाखामा खबर गर्नुहोस् । 1 महिना वितेको खण्डमा「बस्ने भन्दा अगाडि देखी बिग्रेको थियो」भनेपनि त्यो चाहिँ 1 महिना बितिसकेपछि तपाई आफैले बनाउनु पर्नेछ । त्यसैले सावधान हुनुहोस् । 1 महिनाभित्र भनेपनि बनाउन मिल्ने र नमिल्ने कुराहरु छन् ।

### 5 **कोठा सर्ने**

कोठा सर्ने बेलामा घरको नजिकको पार्किंगमा गाडी राख्योभने अरुलाई समस्या हुनेभएकोले गाडी नाराखिदिनुस ।बस्न आएपछि पनि गाडी चाहिँ तोकेको ठाउँमा मात्र पार्किंग गरिदिनुहोस् ।





6 **तेन्स्युचु • तेंन्यु (नगरपालिकामा नयाँ ठेगाना बुझाउने काजजात )**



नयाँ ठेगाना नगरपालिकामा बुझाउनुहोस्।काजजातहरु बुझाएपछि प्रमाणपत्र को फोटोकपी र 「न्युक्योतोदोके」भाडामा बसेको नोटिस पत्र **<u>चाहिँ घरको जिम्मेवारी लिएको मान्छेलाई अथवा नजिकको आवास कम्पनीको कार्यालयमा 20 दिन भित्रमा बुझाइसक्नु पर्नेछ ।</u>**

7 **धारा • बिजुली • ग्यास**

धारा • बिजुली • ग्यास चाहिँ आफैले संस्थानमा सम्पर्क गरि खोलिदिन आग्रह गर्नु पर्दछ।
※त्यतिकै चलाउन मिल्ने छैन।

**8 कम्युनिटी/निवासी संघ <u>(JICHIKAI)</u>**

केन एई ज्युताकु(**KEN-EI JUTAKU**) मा यहाँ बसोबास गरिरहेको मानिसहरुको एउटा कम्युनिटी「जिचिकाइ」छ ,जसले नियम र कानुन बनाई कसरी कम्युनिटीमा मिलिजुली बस्ने हो भनेर गतिविधि संचालन गरिरहेको छ ।



यो कम्युनिटीले सबैजनाले पाएको सुविधा राम्रोसँग उपयोग गरुन् भन्ने चाहना बोकेको हुन्छ।
यहाँ केन एई ज्युताकु(**KEN-EI JUTAKU**) मा बस्न आएको मानिसहरु कम्युनिटी**(JICHIKAI)**को सदस्य हुनै पर्दछ। त्यसैले तपाई पनि यस कम्युनिटी**(JICHIKAI)** बाट दिएको जिम्वेवारी र दायित्व पालना गरि यसमा साथ दिनुहुनेछ भन्ने आशा राख्दछौँ । (11पेजमा हेर्नुहोस्)

9 **पहिलाको मान्छेले छोडेको सामान फेरि प्रयोग गर्ने तरिका**

पहिलाको मान्छेले छोडेको सामान फेरि प्रयोग गर्ने हो भने (ओफ़ुरो, ओफ़ुरो हिटर, गिजर, जालीको ढोका, बत्तीहरु) बस्न आएको 1 महिना भित्रमा, 「सेइयाकुश्यो」(शपथ) आवास व्यवस्थापन कार्यालयमा 20 दिन भित्रमा बुझाइसक्नु पर्नेछ । (पहिले बसेको मान्छेले छोडेको सामान चलाउन भने पाईन्छ।)
पहिलाको मान्छेले छोडेको सामान फेरि प्रयोग गर्ने हो भने राम्रोसँग जाँच गरि प्रयोग गर्नुहोस् ।
प्रयोग नगर्ने भएपनि घरको जिम्मेवारी लिएको मान्छेलाई 20 दिन भित्रमा खबर गर्नुहोस् ।

# भाडा (YACHIN)

## भाडा तिर्ने चाहिँ महिनाको अन्तिममा हो।

### भाडा तिर्ने तरिका

भाडाचाहिँ तपाईको बैंक बाट स्वचालित（अटोमेटिक）ढंगले निकालिने छ।



स्वचालित （अटोमेटिक）बाट तिर्न नमिलेको खण्डमा कम्पनीले कागज पठाउनेछ र त्यो कागज（नोउन्यूचुचिशो）अनुसार हेरेर भाडा तिर्नु होला। हरेक महिनाको भाडा सोहि महिनाको अन्तिमसम्ममा तिरिसक्नुपर्नेछ। अनि शनिबार र आइतबार महिनाको अन्तिम भए अर्को महिनाको 1 अथवा 2 तारिकको सोमबार सम्म वित्तीय संस्थाको काउन्टर, अथवा कन्बिनीको रेजि काउन्टर बाट तिर्नु पर्नेछ। कृपया, भाडा तिर्ने दिलो नगरिदिनुहोला होला।

### भाडा तिर्ने दिलो भयो भने



महिना नागेर केहि समय भाडा तिरेन भने चाँडै पैसा तिर्नुस भनेरे चिठ्ठी（तोकुसोकुज्यो）पाउनु हुनेछ। त्यसैले महिना-महिनामा भाडा तिरिदिनुहोस् ।
3 महिनासम्म कोठा भाडा नतिरेको खण्डमा कोठा बाट निक्लिनु पर्नेछ।

## तपाईको आयकर फारम

**(प्रत्येक बर्षको जुन महिनामा जसरि पनि फारम भरेर बुझाउनुहोला)**




गत बर्षको आय चाहिँ यो बर्षमा 「शून्यूशिन्कोकुशो」（आय कर देखाउने फर्म）मा लेखेर बुझाउन पर्नेछ।आयको अनुसारले महिनाको भाडा फरक-फरक हुने छ।「शून्यूशिन्कोकुशो」（आय कर देखाउने फर्म）बुझाएन भने आयको अनुसारले महिनाको भाडा नभई निजी घरहरु समान भाडा हुनेछ।

**प्रत्येक बर्षको जुन महिनामा आयकर फारम र बार्षिक आय**

**(SHOTOKU SHOMEISHO) प्रमाणपत्र बुझाउनु पर्नेछ।**

# कोठा छोड्ने (TAIKYO)

**खवर नगरी कोठा छोड्न र साथीलाई भाडामा दिन मिल्दैन।**



**कोठा छोड्न ज्यूताकु अफिसमा खबर गर्ने （छोड्नुभन्दा 1 महिनाअघि खबर गर्नुपर्छ）**

**कोठा छोड्ने दिन तोकी、आफैले कोठा मर्मत गर्ने मान्छेलाई खबर गर्ने।**

⇩



**तईक्योतोदोके फारम （आवास कम्पनीको कार्यालयमा）（हुलाक） मार्फत पठाउने**

**（छोड्नुभन्दा 10 दिन अघि कार्यालयमा आईपुग्नु पर्नेछ）**

➢ताईक्योतोदोके फारम ①आवास कम्पनीको कार्यालयमा बुझाँउने **<退去届 ① 公社提出用>**

➢डिपोजिट रकम बाट बाकि रहेको भाडा अथवा तिर्नुपर्ने रकम

⇩

**कोठा सर्ने**

आफैले बैंक、पोस्ट अफिस、कम्युनिटी、(JICHIKAI)、बत्ति、ग्यास、पानीको पैसा बैंक बाट निकाल्दै आइरहेको छ यसलाई आफैले बन्द गर्नुहोस् । साथै इन्टरनेट पनि आफैले बन्द गर्नुहोस।



**सामानहरु सबै निकालेपछि कोठा जाँच गरिनेछ ।**

⇩

**कोठाको जाँच(तयार गर्नुपर्ने चीज)**

➢ ताईक्योतोदोके फारम ②कोठा मर्मत गर्ने मान्छेको हातमा फारम बुझाँउने **<退去届 ② 業者提出用>**

➢ हालसम्म कोठा मालिक भएको छोड्ने पत्र **<所有権放棄書>**

➢ **साचोँ (3 वटा)**

➢ **नगद （200000~250000 जापानिज येन）**



(तातामी फुसुमा परिवर्तन साथै त्यस बाहेकको अन्य मर्मत खर्च कोठा मर्मत गर्ने मान्छेलाई पैसा तिर्ने।

⇩



**डिपोजिट गरेको पैसा फिर्ता आँउछ （लगभग 2 महिनापछि फिर्ता आँउछ）**

ताईक्योतोदोके फारममा लेखेको बैंक खातामा डिपोजिट गरेको पैसा आउछ ।

**कोठा छोड्ने बेला कोठा जाच गर्दा लाग्ने मर्मत खर्च जसरि पनि तिर्नु पर्ने हुन्छ।खवर नगरी कोठा छोड्न र साथीलाई भाडामा दिन मिल्दैन।**

# पालना गर्नुपर्ने नियम

केन एई ज्युताकु(**KEN-EI JUTAKU**) मा विभीन्न नियम र कानुन हुन्छ। जस्तै साथीलाई भाडामा दिने र 3 महिना सम्म पनि भाडा नतिर्ने काम गर्यो भने कम्पनीलाई दिएको बचन विश्वास लाग्दो हुदैन त्यहिकारण कोठा बाट निक्लिनु पर्नेछ।



1 ज्यूताकुको साझा सुविधाहरु सबैजनाले पाउने सुविँधा भएकोले राम्रोसँग चलाउनु पर्छ ,बिगारेको अवस्थामा फेरि बनाउनु पर्ने छ। त्यसैले कृपया यसलाई ध्यानपूर्वक प्रयोग गर्नुहोस्।

2 तपाईको नाँममा कोठाको कागज-पत्र हुने भएकोले साथीलाई भाडामा दिनु मिल्दैन। त्यहा बस्न पाउने अधिकार नियमानुसार तपाई र तपाइको परिवारको मात्र हुनेछ।

3 परिवारको सदस्य भएपनि कोठामा राख्न मिल्छ भन्ने छैन, कागज-पत्र भएको मान्छेमात्र बस्न मिल्नेछ।आफ्नो मान्छे कोठामा राख्ने भए सरकारलाई कागज –पत्र बुझाउनु पर्नेछ।
साथै तल लेखेको अनुसार केहि भएको अवस्थामा पनि ज्यूताकु व्यवस्थापन कार्यालयमा कागज –पत्र बुझाउनु पर्नेछ। (12 पेज हेर्नुहोस्)



(क ) बच्चा जन्मेको बेला,मरेको बेला・
(ख ) कोठाको जिम्मेवारी लिएको मान्छे परिवर्तन हुदा
(ग ) आपतकालीन सम्पर्कको सूचना・परिवर्तन
(घ ) **कोठाको जिम्मेवारी लिएको मान्छे 15 दिन देश बाट बाहिँर जाँदा,र आफ्नो परिवार सबैजना 1 महिनाभन्दा बेसी बाहिर गएको अवस्थामा ज्यूताकु व्यवस्थापन कार्यालयमा कागज –पत्र (FUZAI TODOKE) बुझाउनु पर्नेछ। तर 2 महिनाभन्दा बेसी करार गर्ने व्यक्ति साथै श्रीमान /श्रीमती मध्य कुनै एकजना पनि देश बाट बाहिँर जाँदा कोठा छोड्नु पर्नेछ ।**

4 प्रिफेक्चरल आवासलाई ,पसल र अफिसमा प्रयोग गर्न मिल्दैन ।

5 कोठाको संरचनालाई परिवर्तन गर्न मिल्दैन।

# धारा・ट्वाईलेटको बारेमा

## पानी नआएको बेला



बत्ति गएको बेला र धारा बिग्रेको बेलामा बन्द गरि राखिदिनु होला।धारामा पाईप जोडेर बाथ-टपमा नराख्नु होला। किनभने कहिलेकाही पाईप बाट फोहर पानी निस्किने हुनाले पाईप नजोडीदिनु होला।
लामो समय कोठामा नहुदा पानी आउने लाईन् बन्द गरिदिनुहोस्।किनभने तपाई कोठामा नहुनुहुदा पानि चुहेर ठुलो घटना समेत घट्न सक्ने हुन्छ।



## ट्वाईलेटमा ट्वाईलेट पेपर प्रयोग गर्नुहोस्

पत्रिका・पुरानो कपडा・तथा・डाइपर नहालिदिनुहोस्।बिग्रेको खण्डमा आफ्नो पैसाले मर्मत गर्नु पर्नेछ।

## वाटर प्रुफ



ट्वाईलेट तथा घरभित्र पस्ने वितिकै जुत्ता फुकाल्ने भुँईको कार्पेट वाटर प्रुफ नभएको हुदा, पानीले नभिजाई दिनुहोस्।बिग्रेको खण्डमा आफ्नो पैसाले मर्मत गर्नु पर्नेछ।

# रमाइलो सँग बस्नको लागि

**सँगै मिलेर बस्नको लागि ・・・दयालु भएर मद्दत गरिदिनुहोस्।**



**परिसर (दान्चि)को जीवन एक संयुक्त जीवन हो।**

**त्येसैले नियम र कानुनमा हिडौ ।**

**आफ्नो जीवन राम्रो भएमा अरुलाई पनि राम्रो हुनेछ।**

# कोठामा कुकुर ,बिरालो,चरा नराखिदिनुहोला।

**प्रिफेक्चरल आवास** <u>(KEN-EI JUTAKU)</u> **हरुमा कुकुर ,बिरालो,र चरा राखेमा अरुलाई तल लेखेको  समस्या हुन सक्छ**



○ जनावर कराँउछ  (विहान र बेलुकी )
○ गनाउन सक्छ   (दिशा, पिसाब )
○ कपाल झरेर अरुको कोठामा जान्छ
○ बच्चालाई टोक्छ



त्यहीभएर अरूलाई समस्या हुन्छ ,पालेको मान्छे लाई त माया लाग्छ नै, तर अरुलाई समस्या हुने भएकोले अहिले पालेको जनावर साथीलाई दिने कि सेन्टरमा दिने हो त्यो चाहिँ छलफल गरेर अहिले भएको जनावर लाई कोठा मा नराखी दिनुहोस् ।

# हल्ला



कोठामा बस्दै गर्दा कुराकानी त भैहाल्छ तर त्यो आवाजले अरुलाई समस्या हुनसक्छ।जस्तै गीतसुन्ने अनि पिआनो बजाउने ,एयर कोनको आवाज ,धोका खोल्ने बन्द गर्ने आवाज, गाडीको आवाज, यी आवाजहरुले अरुलाई समस्या पनि हुन् सक्छ।अरुको मर्का बुझी राम्ररी बस्नुहोला। ठुला ठुला कम्पनि हरुबाट निस्कने ध्वनि प्रदुषण लाई कानुनले पनि नियमन गरिएको हुन्छ, तर तपाई हाम्रो दैनिक जीवनयापन बाट निस्कने हो-हल्ला भने हामि एक अर्काले बिचार पुराएर रोकथाम गर्न सकिन्छ ।



साथै, वरपरको कोठा वा नजिकको छिमेकीहरुबाट कराउने तथा चिच्याउने जस्ता हो-हल्ला बाट पिडित भई धैरैले रिपोर्ट गर्ने गरेका पनि हुनाले, यस बिषयलाई  ध्यानमा राखी कसरिहुन्छ यस्ता क्रियाकलाप नगरिदिनुहुन बिनम्र अनुरोध गर्दछौ।

ठुलो आवाजमा कुराकानी गर्नु पनि ध्वनि प्रदुषणको एक कारण हो।

## यस्तो क्रियाकलाप गर्नुभएको त छैन नि

गरेको छ भने सावधान हुनुहोला

(क ) टि -भि ,गीत ठूलो स्वंरले सुन्नुभएको त छैन नि ।

(ख ) भर्यांग मा ओर्लिदा ठूलो पैतालाको आवाज गर्नुभएको छ ।

(ग ) धोका ठूलो स्वोरले बन्द गरेको छ ।

(घ ) सुत्ने भन्दा अगाडि ओफुरोको पानि बगाउने ।

(ङ ) वाशिनमेसिनको आवाज ।

(च ) एयर कोन ढिलो सम्म चलाउने।

(छ ) गाडीको ठूलो आवाज,बिहान र बेलुका।

(झ) अबेरसम्म गीत गाउने ।

(ञ) बरन्डामा बार्बिक्यु गर्ने।



## सबैजनाले प्रयोग गर्ने सुविधा

कोठाको बाहिर हिड्ने बाटोमा आपतकालिन अवस्थाको लागि सैरेन जडान गरेको छ ,यदी केहि भएको अवस्थामा कोठाको अगाडिको बाटो प्रयोग गर्नुपर्ने हुन्छ त्यसैले कोठाको बाहिर साइकल,मोटर-साइकल र आफ्नो सामानहरु नराखिदिनुहोला ।

## बरण्डामा



(क ) बरण्डामा भएको पाइप चाहिँ पानी परेको बेला निकाल्नलाई राखेको हो त्यसैले कहिलेकाही सफा गर्नुहोस्।

(ख ) बरण्डाको अगाडि ईताहरु राखेको छ किनभने यदी आगो तथा केहि आपतकालीन अवस्थामा त्यो ईता फुटाएर भाग्न सकिनेछ। त्यसैले त्यो ईताको अगाडि आफ्नो सामान नराखी दिनुहोला।

(ग ) बरण्डामा बाकस अथवा अन्य चिज नराख्नुहोला किनकि बच्चा चड्ने डर हुन सक्छ त्यसैले बरन्डामा यस्ता सामानहरु राख्न निषेध गरिएको छ।

(घ ) बरण्डामा फूलहरु रोप्न पनि निषेध गरिएको छ। साथै ठूलो हावा हुरीको बेला बरण्डामा सुकाएको लुगा हावाले उडाई लान सक्ने हुदा सजक हुनुहोस्।

## फोहर



फोहोर फाल्ने प्लास्टिक, फरक-फरक छ किनभने सिसा ,स्टील ,प्लास्टिकको झोला छुट्टै छुट्टै प्लास्टिकमा हाली फाल्नु पर्ने हुनेछ ,त्यो मात्र नभई फोहोर फाल्ने दिन पनी फरक- फरक भएकोले तपाई नगरपालिकाे कर्मचारीलाई सोधी फोहोर फाल्नु होला।

## साइकल राक्ने ठाउँ

साइकल राक्ने ठाउँ भए राम्रो सँग मिलेर साइकल राख्नुहोस् ,नचाहिने साइकल चाहिँ साइकल राक्ने ठाउमा त्यतिकै नराखी दिनुहोला।


# जिचिकाइ （कम्युनिटी） को बारेमा(JICHIKAI)

## JICHIKAI = **कम्युनिटी/निवासी संघ**

यहाँ बस्न आएको मानिसहरु कम्युनिटीको सदस्य हुनै पर्छ ।
यहाँ बस्न आएको मानिसहरु बाट「क्योउएकिही」(साधारण सेवा शुल्क) जम्मा गरेर त्यो रकम चलाउने हो। **(KYOUEKI-HI)**

१． बिग्रेको बत्ति र विजुलीको लागि खर्च हुने रकम
२　प्रयोग भइरहेको पानी र बिग्रेको अवस्थामा बनाउने रकम
३． फोहोर फाल्दा खेरि लाग्ने रकम
४． सबैजनाले चलाउने सामान को रकम
५． सबैजनाले चलाउने ठाँउको रकम

**कोठाको भाडा बाहेक हरेक महिना**
**साधारण सेवा शुल्क (KYOUEKI-HI)**
**पनि तिर्न पर्ने हुन्छ।**



**※सम्झौतामा पनि संलग्न गरिएको छ (तालिका)।**

※　**साधारण सेवा शुल्कको केहि भाग,सहायक उपकरण सुबिधा उपयोग शुल्कको रुपमा केनले संकलन गर्ने ज्यूताकु पनि छ।**

## जिचिकाइ（कम्युनिटी）मा सदस्य हुने तरिका र गर्ने कामहरु

1 जिचिकाइ（कम्युनिटी）मा सदस्य हुन यहाँको अदस्यलाई भेटगरी चाडो भन्दा चाडो यस जिचिकाइ（कम्युनिटी）मा सदस्यको लागि अनुरोध गर्नुहोस् र सदस्य बन्नुहोस्।
2 जिचिकाइ（कम्युनिटी）मा सदस्य भएपछि कम्युनिटीको काम अरुलाई मात्र गर्न दिने होइन ,आफैले पनि गर्नुहोस् ।
3「क्योउएकिही」（साधारण सेवा शुल्क）मिति नागेर पैसा तिर्दा अरुलाई समस्या हुने भएकोले मिति नाघ्नु अगाडि नै「क्योउएकिही」（साधारण सेवा शुल्क）तिरिदिनु होस्।



# विभिन्न फारम सम्बन्धिको सूचना

**फर्म चाहिँ कोठाको जिम्मेवारी लिएको मान्छे （रेनराकुइन） सँग हुने गर्छ ।**

| फारम को नाम | अवस्था | मिति | दिने ठाउँ | फारम सँग बुझाउने सम्बन्धित कापीहरु |
|---|---|---|---|---|
| आपतकालीन सम्पर्कको सूचना | केन एई ज्यूताकुको नयाँ लिज सम्झौता गराउने अवस्थामा । | सम्झौता पत्र बनाउने अवस्थामा । | आवास व्यवस्थापन कार्यालय・शाखा आदि। | आपतकालीन सम्पर्क व्यक्तिको निवासी कार्ड |
| आपतकालीन सम्पर्क परिवर्तनको सूचना | 1. आपतकालीन सम्पर्कको व्यक्ति<br>(1) मरेको अवस्थामा<br>(2) दिइएको ठेगानामा सम्पर्क हुन नसकेमा<br>(3) नाम वा ठेगाना परिवर्तन गरेको अवस्थामा<br>2. आपतकालीन सम्पर्कको व्यक्ति फेर्ने बेला | सकेसम्म चाडैँ | माथिको अनुसार | नयाँ आपतकालीन सम्पर्क व्यक्तिको निवासी कार्ड |
| स्योकुकेइ स्योउनिन सिन्सेइस्यो (मान्छे मरेको बेला अथवा दिवोर्स भएमा लेख्ने फारम ) | कोठा लिएको मान्छे मरेको बेला अथवा दिवोर्सभएको अवस्था भएपनि तपाई चाहिँ अरु परिवारजन बस्न पाउने छ ,तर त्येसको लागि छुट्टैफारम भर्नुपर्ने छ | कोठा लिएको मान्छे मरेको र कोठामा नबस्ने भनि हिडेको बेलादेखि 1 महिनाको भित्रमा | माथि को अनुसार | 1 कोठामा बस्न मन भएमा ,बस्ने कारण लेखेको कपि बुझाउनु होस् (परिवार भएको प्रमाणपत्र )<br>2 सब परिवारको प्रमाणपत्र (ज्यूमिन्ह्योउ) |
| दोउक्यो स्योउनिन सिन्सेइस्यो (नयाँपरिवार बस्न आएमा भर्ने फारम ) | नयाँपरिवार बस्न आएको बेला | पहिला देखि तयार गर्नु पर्ने | माथिको अनुसार | 1 नयाँपरिवारको हो भनेर प्रमाणित भएको कागज (सब परिवारको प्रमाणपत्र)<br>2 सँगै बस्न आएको . नयाँपरिवारकोको आय को विवरण |
| दोउक्योशिन्जोकुइदो उतोदोके (बसिरहेको परिवार घटबढ भएको बेला ) | बसिरहेको परिवार घटबढ भएको बेला | त्यो भएको 20 दिन भित्रमा | माथि को अनुसार | सब परिवार कहाँ बसिरहेको त्यो कागज को विवरण ,नया परिवारको पनि विवरण (ज्यूमिन्ह्योउ) |
| न्यूक्यो शिमेईहेन्कोउ तोदोके (परिवर्तन भएको मान्छेको नाम को फारम) | बसेको मान्छेको नाम परिवर्तन भएको बेला | त्यो भएको 20 दिन भित्रमा | माथि को अनुसार | नाम परिवर्तन भएमा भर्ने फारमको कपि (ज्यूमिन्ह्योउ) |

**※「ज्यूमिन्ह्योउ」 यो फारम भर्ने मान्छेको ओरिजिनल कपि र नातेदार भएको भए उहाँहरु नातेदार हो भनेर बुझाउने ओरिजिनल प्रमाणपत्र बुझाउनु होस् ।**

# सूचना केन्द्र

**FOREIGNER SUPPORT DESK ☏ 052-684-5007**

**9:00AM ~ 12:00PM - 1:00PM ~ 5:00PM (MON ~ FRI)**

| अफिसको नाम | ठेगाना • टेलिफोननम्बर |
|---|---|
| नागोया ओवारि जिल्ला प्रिफेक्चरल आवास<br>**Nagoya Owari Jutaku Kanri Jimusho** | 〒460-8566<br>Nagoya-shi Naka-ku Marunouchi 3-19-30<br>Aichi-ken Jutaku Kyokyu Kousha 5F<br>**☎ 052-973-1791** |
| आमा जिल्ला प्रिफेक्चरल आवास<br>**Nagoya Owari Jutaku Kanri Jimusho**<br>**Ama Chuzai** | 〒496-8531<br>Tsushima-shi NishiYanagihara-cho 1−14<br>Ken Ama Sougo Chousha 5F<br>**☎ 0567-24-7330** |
| इचिनोमिया जिल्ला प्रिफेक्चरल आवास<br>**Nagoya Owari Jutaku Kanri Jimusho**<br>**Ichinomiya Shisho** | 〒491-0053<br>Ichinomiya-shi Imaise-cho Hon-kanbeTatekiri 1-4<br>Ken Ichinomiya Kensetsu Jimusho 1F<br>**☎ 0586-28-5411** |
| चिता जिल्ला प्रिफेक्चरल आवास<br>**Nagoya Owari Jutaku Kanri Jimusho**<br>**Chita Shisho** | 〒475-0925<br>Handa-shi Miyamoto-cho 3−217−21<br>Central Bldg. 5F<br>**☎ 0569-23-2716** |
| निसी मिखावा जिल्ला प्रिफेक्चरल आवास<br>**Mikawa Jutaku Kanri Jimusho** | 〒444-8551<br>Okazaki-shi Myoudaiji Hon-machi 1-4<br>Ken Nishi Mikawa Sougo Chousha 5F<br>**☎ 0564-23-1863** |
| चिर्यु जिल्ला प्रिफेक्चरल आवास<br>**Mikawa Jutaku Kanri Jimusho**<br>**Chiryu Shisho** | 〒4720026<br>Chiryu-shi Kamishigehara-cho Zoufukuji 124<br>Ken Chiryu Kensetsu Jimusho Minami Kan 1F<br>**☎ 0566-84-5677** |
| टोयोटा कामो जिल्ला प्रिफेक्चरल आवास<br>**Mikawa Jutaku Kanri Jimusho**<br>**Toyota Kamo Shisho** | 〒471-0027<br>Toyota-shi Kita-machi 6-3−4<br>Toyota Kouei Jutaku Center<br>**☎ 0565-34-2001** |
| हिगाशी मिखावा जिल्ला प्रिफेक्चरल आवास<br>**Mikawa Jutaku Kanri Jimusho**<br>**Higashi Mikawa Shisho** | 〒440-0801<br>Toyohashi-shi Imahashi-cho 6<br>Ken Higashi Mikawa Kensetsu Jimusho 1F<br>**☎ 0532-53-5616** |

**《अफिसको समय 》** बिहान 9 : 00 देखि 17:15 सम्म
(शनिबार ,आईतबार ,सरकारी बिदा ,र नयाँवर्षमा बन्द हुन्छ)

Update 2024.04